बाल सन्दर्भसामग्री

बालबोध - २९

# कथामाला

(बालकथाहरूको सँगालो)



891.495
PRA-r
2059 c.2

बाल सन्दर्भसामग्री

बालबोध - २९

# कथामाला

(बालकथाहरूको सँगालो)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**सङ्कलन तथा पुनर्लेखन :** - परशु प्रधान
- कल्पना प्रधान

**भाषा सम्पादन :** गणेश भट्टराई

**चित्राङ्कन :** राजुबाबु शाक्य

Ac. 1037 c2

**आवरणविन्यास :** गौतम मानन्धर

**चित्राङ्कन :** राजुबाबु शाक्य

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौं

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये वाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकवाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्तत: व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि वढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भापा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई बढाई विद्यार्थीहरूलाई विद्याव्यसनी बनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने वानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित बनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्पहरूमा विभिन्न अठ्ठाईस शीर्पकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्पक समेत अब तीन दर्जन भन्दा वढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त वनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्बाट सल्लाह र सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी,भक्तपुर

२०५९

# विषयक्रम


१. बाठी बाखी १

२. को सानो को ठूलो ६

३. हिरामोतीको मूल्य १४

४. ज्ञानी राजकुमारी २०

५. बाघ जिल्लाराम ! २५













# १ बाठी बाख्री

एउटा ठूलो जङ्गल थियो । जङ्गलमा धेरै जनावरहरू थिए । त्यहाँ बाघ, भालु, हात्ती, घोडा आदि बस्थे । जङ्गलमा एउटा स्याल पनि थियो । स्याल ज्यादै चलाख थियो ।



एकदिनको कुरा हो । स्यालले कुनै सिकार भेटेन । साँझ पर्न लागिसकेको थियो । स्यालला‌ई असाध्यै भोक लाग्यो ।




स्यालले पहाडमाथि एउटी बाख्री देख्यो । बाख्री हरियो घाँसमाथि चरिरहेकी थिई । बाख्री सोझी थिई । बाख्री देखेर स्यालको मुखमा पानी आयो ।

उसले माया गरेजस्तो गरेर
बाखीलाई बोलायो, "ए मेरी प्यारी
बाखी भान्जी ! त्यो भिरालो
पहाडमाथि तिमी के गर्दै छौ, हँ ?"

"देखेनौ स्याल मामा, घाँसमा
चर्दै छु नि ।" बाखीले भनी ।




"अहो भान्जी ! त्यस्तो डरलाग्दो
पहरोमा पनि कहीं चर्नुहुन्छ ?
चिप्लेर लड्छ्यौ, बाबै ।"
स्यालले माया देखाएजस्तो
गरेर भन्यो ।



"म कहाँ लड्छु र ! मज्जाले स्वादिलो घाँस खान पाइरहेकी छु ।" बाख्रीले जबाफ दिई ।

"म बसेको ठाउँमा आऊ । यहाँ कस्तो
हरियो घाँसको चउर छ ।" चङ्खे
स्यालले फेरि कुरा बनायो ।



बाख्रीले स्यालको दाउ बुझी। उसले स्यालतिर फर्कँदै भनी,
"तपाईं आँखा चिम्म गर्नुहोस्, अनि म आउँछु ।"

स्यालले दुवै आँखा चिम्म गऱ्यो । बाठी बाख्री सुतुक्क आफ्नो
बाटो लागी । निकै बेरपछि स्यालले आँखा खोल्यो । हेर्छ त
भाञ्जी कतै छैन ।


"बाख्री त धेरै बाठी भइसकिछ ।" यस्तै सोच्दै स्याल आफ्नो
ओडारतिर फर्क्यो ।"

# २ को सानो को ठूलो

एउटा ठूलो समुद्र थियो । त्यस समुद्रको किनारामा एक जोडी चखेवा रहन्थे । ती सुखसँग जीवन बिताइरहेका थिए । एक बिहानको कुरा हो । चखेवीले भनी, "स्वामी, मैले फुल पार्ने समय भयो । अब हामी मिली आफ्नो गुँड बनाऔँ । तर यस समुद्रको किनारामा गुँड बनाउनु हुँदैन । यो समुद्रको के विश्वास ! कुनै दिन यसले हामी सबैलाई बगाएर लैजान सक्छ ।"

"तिमीले कुनै चिन्ता लिनुपर्दैन । हामी यसकै किनारामा गुँड बनाऔँ । तिमी आफ्नो फुल पार । हेरौँ, यस समुद्रले हामीलाई कसरी अन्याय गर्न सक्छ ।"





“समुद्र हामीभन्दा धेरै बलवान् र शक्तिशाली छ । हाम्रो केही लाग्दैन । नचाहिँदो जिद्दी गर्नु ठीक छैन ।” चखेवीले आफ्नो लोग्नेलाई धेरै सम्झाई । तर उसको केही लागेन ।


समुद्रको एकछेउमा ती जोडी मिली गुँड बनाए । केही महिनापछि चखेवीले बाऱ्ह ओटा फुल पारी ।
यता समुद्रको राजाले भाले चखेवाको कुरा सुनेका थिए । समुद्री राजाले भाले चखेवालाई पाठ पढाउन खोजे ।


एक रात समुद्रका राजाले पानीलाई चखेवाको गुँड बगाउने आदेश दिए । पानीले गुँड भताभुङ्ग पारेर सबै फुल बगायो । राजाले ती राम्रा फुलहरू आफ्नो दरबारमा लगी राखे ।



सबै फुल र गुँड बगाई लगेकाले पोथी चखेवीले निकै पीर गरी । भाले चखेवाले सम्झायो, "तिमी पीर नगर, म समुद्री राजालाई तह लगाएरै छाड्छु ।"

अब भाले चखेवाले समुद्री किनाराका सारा पक्षीहरूको बैठक बोलायो । आफूहरूमाथि समुद्री राजाले गरेको अन्याय सम्बन्धमा छलफल भयो । ती सबले आफ्नो उजुरी पक्षीका राजा गरुडसामु सुनाउने सल्लाह गरे ।





सारा पक्षीहरू पहाडको टुप्पामा पुगी गरुडसमक्ष उजुरी गरे। उनीहरूको उजुरी ध्यानपूर्वक सुनेर गरुडले भने, "तिमीहरूको कुरा मैले बुझेँ। समुद्री राजालाई आफू बलवान् छु भन्ने घमन्ड छ। उनले हामीहरूलाई अन्याय नै गरेका हुन्। उनलाई दण्ड गर्ने शक्ति मसँग छैन। हामी सबै चराहरू भगवान् विष्णुसँग गई दुःख पुकारा गरौँ।"

उनीहरूले भगवान् विष्णुकहाँ गएर आफ्नो दुःख सुनाए।

पक्षीहरूको कुरा सुनी भगवान् विष्णु समुद्रका राजासँग रिसाए । उनले भने, "आफू बलियो छु भनेर दुर्बलमाथि मनपरी अन्याय गर्न कहाँ पाइन्छ ?"

भगवान् विष्णुले समुद्रको छेउमा पुगी चेतावनी दिए, "समुद्री राजा, चखेवीका फुलहरू तुरुन्तै फिर्ता गर । नत्र यसको परिणाम धेरै नराम्रो हुनेछ ।"




एकैछिनमा समुद्रको लहरबाट समुद्री राजा बाहिर निस्के । आफ्नो सामु स्वयम् भगवान् विष्णु, गरुड र पक्षीहरूलाई देखी उनी लज्जित भए । उनले फुलहरू चखेवीलाई फिर्ता दिए ।



चखेवी आफ्ना फुलहरू फिर्ता पाएपछि धेरै खुसी भई । उसले भगवान् विष्णुलाई धेरै धन्यवाद दिई । चखेवीले सोची, “निर्धो र दुब्लोको रक्षा भगवान्ले गर्ने रहेछन् ।”

पछि ती बाह्रओटा फुलहरूबाट चखेवाका सुन्दर बच्चाहरू निस्किए ।




# ३ हिरामोतीको मूल्य



धेरै वर्षअगाडिको कुरा हो । कुनै
देशमा एकजना राजाले राज्य गर्थे ।
उनी निकै धनी थिए । उनको
दरबारमा हिरामोती र
गरगहनाको थुप्रो थियो ।
उनी आफू सबैभन्दा धनी छु भन्ने
घमन्ड गर्थे ।

एकदिन एकजना साधु राजाको दरबारमा आइपुगे । राजाले साधुको स्वागत गर्दै भने, “योगी महात्मा, यहाँलाई मेरो दरबारमा हार्दिक स्वागत छ । यहाँलाई म मेरा अमूल्य वस्तुहरू देखाउँछु । त्यस्तो सम्पत्ति यहाँले जीवनमा न पहिले देख्नुभएको थियो, न पछि देख्नुहुनेछ ।”

योगीलाई राजाले आफ्नो विशाल ढुकुटीमा लगे । त्यहाँ हिरा, मोती र सुनको पहाड नै थियो ।






"महात्मा, यहाँलाई मेरो यो विशाल ढुकुटी कस्तो लाग्यो ?" राजाले सोधे ।

"धेरै राम्रो लाग्यो, सरकार । यी सब धनसम्पत्ति देखेर म चकित भएँ । तर यीभन्दा धेरै मूल्यवान् धनसम्पत्ति सरकारको राज्यमा छन् । भोलि बिहान सरकारलाई म नजर गराउँछु ।" महात्माले गम्भीर भएर जवाफ दिए ।

भोलिपल्ट बिहान सबेरै राजा महात्माकहाँ पुगे । उनले महात्मालाई सोधे, "हिजो तपाईंले बताउनुभएको मूल्यवान् वस्तु कहाँ छन् ?"

महात्माले राजालाई लिएर कुनै गाउँमा पुगे । त्यस गाउँका मानिसहरू अत्यन्त गरिब र दुःखी थिए । गाउँ फोहोर र दुर्गन्धित थियो । राजा र महात्मा एउटा झुप्रोमा पुगे । त्यहाँ एउटी बूढी ढुङ्गाको ठूलो जाँतो पिँधिरहेकी थिइन् । त्यस जाँतोबाट गहुँको पिठो बाहिर आइरहेको थियो ।





"यस संसारमा हिरामोतीभन्दा पनि मूल्यवान् र महत्त्वपूर्ण वस्तु यही जाँतो हो, सरकार ।" महात्माले राजालाई भने ।

"तपाईंले कस्तो फटाहा कुरा गर्नुभएको ? अलिकति रुपैयाँले यस्ता लाखौं जाँताहरू बनाउन र किन्न सकिन्छ । केके न देखाउनुहोला भनेको त यो जाबो जाँतो पो रहेछ !" राजाले रिसाउँदै भने ।

महात्माले विनम्र भएर भने, "सरकार, सरकारको भनाइ साँचो हो । त्यत्रा हिरामोतीका अगाडि यस ढुङ्गाको जाँतोको के मोल ! तर यही जाँतोले बनाएको पिठो खाएर हजारौं गरिबगुरुवा बाँचेका छन् । सरकारको ढुकुटीमा थुप्रिएको हिरामोतीले कसैको पेट भरिएको छैन । कुनै काममा नआउने ती हिरामोतीभन्दा त यही जाँतो बहुमूल्य छैन र ?"

अब राजाको वाक्य फुटेन । महात्माले यस्तो कुरा भन्लान् भन्ने उनले सोचेका थिएनन् । महात्माले थप निवेदन गरे, "तपाईंको ढुकुटीमा रहेका ती अमूल्य धनसम्पत्ति तपाईंको राज्यका गरिब जनताका दु:ख हटाउने काममा खर्च गर्नुहोस् । तपाईं धन्य र महान् राजा हुनुहुनेछ ।"

महात्माको कुराले राजाको चित्त बुझ्यो । उनले आफ्नो सम्पत्तिबाट कैयौं स्कुल र अस्पताल खोले, बाटो बनाए ।



# ४ ज्ञानी राजकुमारी



कुनै देशमा एउटा सानी र सुन्दरी राजकुमारी बस्थिन् । एकदिनको कुरा हो । ती राजकुमारी भकुन्डो खेल्न चउरमा निस्किन् । चउरको छेउमा एउटा पोखरी थियो । अचानक तिनको भकुन्डो पोखरीमा खस्यो । राजकुमारीलाई ठूलो पीर पऱ्यो । तिनी रुन लागिन् ।

पोखरीमा एउटा भ्यागुताले राजकुमारीको विलाप सुन्यो । ऊ पोखरीको डिलमा आयो र भन्यो, “मेरी प्यारी राजकुमारी, तिमी आफ्नो भकुन्डोको चिन्ता नलेऊ । म झिकिदिउँला । बरु यस कामबापत तिमी मलाई के दिन्छ्यौ ?”


राजकुमारीले भनिन्, "तिमीले चाहेको धनसम्पत्ति दिन म तयार छु । जसरी हुन्छ मेरो भकुन्डो बाहिर निकालिदेऊ ।"

"हुन्छ, म अहिले नै निकालिदिन्छु । तर म तिमीसँग कुनै धनसम्पत्ति लिन्नँ । मलाई तिमीले तिम्रो साथी बनाए पुग्छ ।" भ्यागुताले नम्र भएर आफ्नो मनको कुरा निवेदन गर्‍यो ।

राजकुमारीले हत्तपत्त भनिन्, "हुन्छ ... हुन्छ ... मलाई तिम्रो साथी बन्न स्वीकार छ ।"

एकैछिनमा भ्यागुताले राजकुमारीको भकुन्डो बाहिर निकालिदियो । राजकुमारी दायाँबायाँ नहेरी भकुन्डो लिएर आफ्नो दरबारतिर लागिन् ।

1037/C2



उनीसँगै भ्यागुतो पनि पछिपछि लाग्यो । राजकुमारीले भ्यागुतोलाई दरबारभित्र आउन दिइन् । दरबारका कामदारले भ्यागुतोलाई दरबारबाहिर भगाउन खोजे । राजकुमारीले कामदारलाई भ्यागुतालाई केही नगर्न भनिन् । राजाले पनि भ्यागुतालाई भगाउने हुकुम दिए । राजकुमारीले राजालाई भ्यागुतोले आफूलाई गुन लगाएको कुरो बताइन् र त्यसलाई हेला नगर्न विन्ती गरिन् ।






भ्यागुताले राजकुमारीबाट माया खोजेको थियो । उनले भ्यागुतालाई आफ्नो हातले छोएर माया गर्न लागिन् । अचम्मै भयो । उनले छोएकी मात्र के थिइन्, भ्यागुताको रङ्रोगन बदलिन लाग्यो । त्यसको छाला चाँदीझैँ चम्किन लाग्यो । हुँदाहुँदा त्यो भ्यागुतो  सुनौला रङमा बदलियो । राजकुमारी आश्चर्यमा परिन् ।

एकैछिनमा अचम्मको कुरा के भयो भने भ्यागुतो त्यहाँबाट हर रायो । भ्यागुतोको ठाउँमा एकजना सुन्दर राजकुमार देखा परे । ती राजकुमारले निद्राबाट बिउँझेजस्तो गरी भने, "राजकुमारी, तिम्रो जय होस् ! तिमीलाई ठूलो धर्म होस् । तिमीले छोइदिएपछि अब म आफ्नो सरापबाट मुक्त भएँ ।"

राजकुमारको कुरा सुनेर राजकुमारी ज्यादै खुसी भइन् । पछि तिनै राजकुमारसँग उनको बिहे भयो । ती सुखपूर्वक रहन लागे ।



# ४ बाघ त जिल्लाराम !





एकादेशमा एउटा बाघ थियो। त्यो धेरै रिसाहा र घमन्डी थियो। ऊ बेला मौकामा भन्थ्यो, “म सबैभन्दा छिटो कुद्न सक्छु। राम्रो पनि छु । ठूलो पनि छु। म जङ्गलको राजा हुँ ।” ऊ घमन्डी भएकै कारण जङ्गलका धेरै पशुपक्षीहरू उसलाई मनपराउँदैनथे।

एकदिन जङ्गलमा जनावरहरूको ठूलो सभा बस्यो। त्यै मौकामा बाघले घमन्ड गर्दै भन्यो, “म जङ्गलका सबै प्राणीभन्दा छिटो दौडिन सक्छु।”

उसको कुरा काट्दै मृगले भन्यो, "मुखले मात्र बोलेर भएन नि, बाघ दाइ । दौडेर हेरौं न पहिला । अनि थाहा भइहाल्छ नि, को बढी दौडिन सक्छ ।"


हात्तीलाई मृगको कुरा मन पऱ्यो। उसले सबै जनावरहरूतिर हेर्दै भन्यो, "साथीहरू, आज दौड प्रतियोगिता हुँदैछ। सक्ने जतिले दौडमा भाग लिनुहोस् ।"





बाघसँग भिड्न कसैले मन गरेनन्। एउटा सानो भ्यागुतो उफ्रँदै आएर भन्यो, "म भाग लिन्छु। यस प्रतियोगितामा म नै पहिला हुन्छु, हेर्नुहोला।" उसको कुरा सुनेर जङ्गलका सबै जनावरहरू गलल हाँसे। त्यो सानो भ्यागुतोले त्यत्रो बाघलाई जित्ला भन्ने कुरामा उनीहरूलाई विश्वास थिएन। तर भ्यागुतोले बाघसँग दौडिने निश्चय गरिसकेको थियो।


Ac-1037 c2



दौड सुरु भयो । बाघ ठूलो थियो । भ्यागुतोलाई कसैले देखेनन् । सबैले बाघ मात्र कुदेको देखे । वास्तवमा भ्यागुतो बुरुक्क उफ्रेर बाघको जगरमा लुकेर बसेको थियो । मृगले यो जुक्ति उसलाई पहिल्यै सिकाएको थियो ।

दौड सकिने ठाउँमा पुग्नेबित्तिकै त भ्यागुतो उफ्रेर पहिले पुग्यो । त्यो देखेर सबै जना छक्क परे । बाघ भने भ्यागुतोबाट आफूले हार्नु परेको कुरा मान्न तयार थिएन । सबैले भ्यागुतो नै पहिलो भन्दै कराउन थाले । बाघ त जिल्लाराम !

# विचार पुऱ्याऔं है





सडकमा नखेलौं ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔं ।




सुरक्षित भएर हिँडौं ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौं ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौं ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९